# कर्मचारी आवश्यकता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशन मितिः २०८०/११/१८

शान्तिनगर गाउँपालिका, दाङ र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल महिला सामुदायिक सेवा केन्द्र (एन.डब्लु.सि.एस.सि.) दाङ द्वारा शान्तिनगर गाँउपालिकामा सञ्चालन हुने "**कृषि र पशु विकाशमा आधारित सानाकिसान तथा यूवा उद्यमशिलता विकास परियोजना**" का लागि तपशिलमा उल्लेखित पदका कर्मचारीहरुको आवश्यकता भएकाले यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

**१. आवश्यकता सम्वन्धी विवरण :**

**क) पद :** परियोजना संयोजक

**माग संख्या :** १ (एक) जना

**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ कृषि/भेटेनरी विषयमा स्नातक तह उतिर्ण गरी २ वर्ष र ग्रामीण विकास, समाज शास्त्र विषयमा स्नातक तह वा सोसरह उतिर्ण गरी ३ वर्ष सामुदायिक विकास, बाखा, दुध, र तरकारीको मुल्य श्रंखलामा काम गरेको अनुभव भएको ।
- ❖ योजना तर्जुमा, बजेट व्यवस्थापन, परियोजना कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा प्रतिवेदन लेखन सम्बन्धि ज्ञान, सीप र अनुभव भएको ।
- ❖ साना किसान सवलिकरण तथा उद्यमशिल साझेदारी कार्यक्रम सम्बन्धि ज्ञान, सीप र अनुभव भएको ।
- ❖ कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन र सहजिकरण सम्वन्धी ज्ञान, सीप र अनुभव भएको ।
- ❖ कृषि तथा पशु वस्तुमा आधारीत व्यवसाय तथा उद्यमशीलतामा महिला तथा यूवाहरुको सहभागिता, सामाजिक परिचालन, कृषि तथा पशुजन्यवस्तुहरुको वजारीकरणमा विशेष दक्षता भएको ।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- ❖ कम्प्युटर (micro-soft word, excel, power point, internet) सम्वन्धी दक्षता भएको ।
- ❖ मोटरसाइकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको ।
- ❖ कार्यक्रम संयोजक कम्तीमा ८० प्रतिशत समय अवधि परियोजना क्षेत्रमा बस्नुपर्नेछ ।

**ख) पद :** लेखा अधिकृत

**माग संख्या :** १ (एक) जना

**न्युनतम योग्यता र कार्यानुभव :**

- ❖ वाणिज्य शास्त्रमा स्नातक तह उत्तिर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव भएको ।
- ❖ लेखाका आधारभुत सिद्धान्तको विषयमा दक्षता भएको ।
- ❖ कम्प्युटर सम्वन्धी दक्षता भएको र लेखा सफ्टवेर सम्वन्धी ज्ञान तथा सञ्चालन अनुभव भएको ।
- ❖ लेखा प्रतिवेदन तयारी, तथ्याङ्क विश्लेषण, बजेट निर्माण सम्वन्धी ज्ञान भएको ।
- ❖ स्थानीय सरकारको लेखा प्रणाली, वजेट निकासा तथा फर्छ्यौट र सार्वजनिक खरिद प्रक्रिया सम्वन्धि ज्ञान तथा अनुभव भएको ।
- ❖ स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- ❖ मोटरसाइकल चलाउन सक्ने र अनुमती पत्र प्राप्त भएको ।
- ❖ नियमित तथा आवश्यकता अनुसार परियोजना कार्यक्षेत्र भ्रमण गर्नुपर्नेछ ।

**ग) पद :** सामुदायीक सहजकर्ता

**माग संख्या :** ७ (सात) जना

**न्युनतम योग्यता :**

- कृषि/भेटनरी विषयमा जेटी वा जेटीए उतिर्ण गरी कम्तिमा २ वर्षको र १२ कक्षा वा सो सरह उत्तिर्ण गरी कम्तिमा ३ वर्षको सामुदायिक विकास, बाखा, दुध, र तरकारीको मुल्य श्रृंखलाको क्षेत्रमा कार्यानुभव भएको ।
- स्वावलम्वन समूह गठन तथा परिचालन सम्वन्धि अनुभव भएको ।
- तालिम सहजीकरण, व्यवस्थापन तथा प्रतिवेदन लेखन सम्वन्धि ज्ञान, सीप तथा अनुभव भएको ।
- महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्वन्धी दक्षता भएको ।
- कृषि तथा पशु उद्यमशिलता विकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरीत गर्न सक्ने विषेश ज्ञान भएको ।
- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कम्प्युटर सम्बन्धि ज्ञान भएको ।
- शान्तिनगर गा.पा.क्षेत्रमा स्थाई बसोवास भएको हुनुपर्नेछ ।

२. **सेवा सुविधा :** परियोजनाको नियमानुसार हुनेछ ।

३. **दरखास्त दिने अन्तीम मिति :** २०८०/१२/०२ गते कार्यालय समय भित्र ।

४. **परिक्षाको किसिम :** लिखित, अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक ।

५. **आवश्यक कागजातहरु :** कुन पदमा आवेदन गरेको हो सो को विवरण समेत खुल्ने गरी निवेदन, व्यक्तिगत विवरण (बायोडाटा), शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सम्वन्धीत विषयको कार्यानुभव पत्र, पासपोर्ट साईजको फोटो र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी नेपाल महिला सामुदायिक सेवा केन्द्र (एन.डब्लु.सि.एस.सि.) दाङको कार्यालय घोराही उपमहानगरपालिका १५, घोराही दाङ वा nwcsc.dang@gmail.com दरखास्त बुझाउन सकिनेछ ।

***नोट :***

***१) प्रारम्भीक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।***

***२) स्थानीयलाई विशेष प्राथमिकता दिईने छ ।***

# नेपाल महिला सामुदायिक सेवा केन्द्र दाङ

**घोराही उपमहानगरपालिका-१५ घोराही, दाङ**

फोन नं. ०८२-५६१७६५